# स्वर्गद्वारी नगरपालिकाको आ.व.२०७७/०७८ को
# बजेट वक्तव्य

## स्वर्गद्वारी नगरपालिका
५ नं. प्रदेश, प्यूठान
नेपाल
२०७३

स्वर्गद्धारी नगरपालिकाको सातौं नगरसभा

२०७७ आषाढ १० गते बुधवार

नगर उप प्रमुख श्री गोमा रेग्मी ज्यूवाट प्रस्तुत गर्नु भएको

आ.वा.२०७७/०७८ को वजेट वक्तव्य

स्वर्गद्धारी नगरपालिका

५ नं. प्रदेश, भिंगृ प्यूठान

नेपाल

२०७३

# आ.व. २०७७/०७८ को स्वर्गद्वारी नगरपालिकाको वजेट वक्तव्य

१. गरिमामय यस सातौं नगर सभाका अध्यक्ष ज्यू, नगरसभा सदस्य ज्यूहरु, हाम्रो निमन्त्रणालाई स्वीकार गरि पाल्नु भएका नगर स्तरीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीज्यूहरु, विभिन्न कार्यालय, संघ संस्थाका प्रमुख एवं प्रतिनिधीज्यूहरु, पत्रकारज्यूहरु, सुरक्षा कर्मीज्यूहरु,सम्पूर्ण कर्मचारी मित्रहरु एबं अन्य उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

२. नेपालको संविधानले संस्थागत गरेको संघीय शासन प्रणाली अन्तरगत गठन भएको स्थानीय तहका जनताको अमुल्य मतको आधारमा स्थापना भएको यस स्वर्गद्वारी नगरपालिकाको यस गरिमामय सातौं नगर सभामा म नगर उप प्रमुखको हैसियतले आ.व. २०७७/०७८ को वजेट प्रस्तुत गर्न पाउदा म गौरवान्बित भएको छु ।

३. लोकतन्त्र, गणतन्त्र, राजनैतिक स्वतन्त्रता एवं लोकतान्त्रिक मूल्य र मान्यता र आमुल परिवर्तनका निम्ती नेपाली जनताले पटक पटक गर्दै आएको जनआन्दोलन, जनसंघर्ष, जनयुद्धको त्याग र वलिदानले गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै सवै प्रकारका संघर्षमा देश र जनताका निम्ती जीवन समपर्ण गर्ने अमर शहिदहरु प्रति उच्च श्रद्धाका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै नेपाली समाजलाई अग्रगामी परिवर्तनको मार्गमा डोऱ्याउन विभिन्न क्षेत्रवाट योगदान पुराउनु हुने आदरणीय अग्रजहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

४. नेपालको गणतान्त्रिक संविधानलाई कार्यान्वयन गर्न यस चालु आ.व. एक युगान्तकारी वर्ष रहेको छ। निर्वाचित जनप्रतिनिधीहरुले लामो समय पछि नेतृत्व लिए पश्चातमा देशमा विकास निर्माणका साथै सुशासनको प्रत्याभुती हुन शुरु गरेको छ । अहिले सम्ममा हामी छ वटा नगरसभा सम्पन्न गरि आज हामी सातौं नगरसभामा सहभागी हुन गैइरहेका छौं । सार्वभौमभौत्ता जनताका निर्वाचित जनप्रतिनिधी मार्फत जनताका विभिन्न इच्छा, आंकाक्षामा वृद्धि भएका छन्, सामाजिक न्याय सहितको समावेशी आर्थिक विकासको माध्यमवाट समृद्धि हासिल गर्न तिव्र अभिलाषा हुनुले हामीलाई जनप्रतिनिधी भएकोमा थप जिम्मेवारी वोध गराएको र जनताको काममा रातदिन खट्न अभिप्रेरित गरेको महशुस गरेको छु ।

५. जनताको इच्छा आंकाक्षा सबै समस्याहरु एकै पटक र छोटो समयमा सम्वोधन भइदियोस भन्ने हुन्छ तर समय, श्रोत र साधन तथा क्षमताको हिसावले एकै पटक ती सवै समस्याहरु सम्वोधन गर्न सम्भव छैन त्यसमा पनि स्थानीय सरकार गठन भएको मुलकले राजनीतिक स्थायित्व पाएको लामो समय भएको छैन, स्थानीय सरकारको स्रोत साधनको सुनिश्चीतता भइ नसकेको अवस्था छ राजस्व बाँडफाँड बाट आउनुपर्ने रकम समयमै आईपुगेको छैन साथै हाल विश्वभर र नेपालमा समेत महामारीको रुपमा फैलिरहेको कोरोना भाईरसको सक्रमणले नगरपालिकामा प्राप्त हुने राजश्व अनुदान प्राप्त नभएको अवस्था छ। यस्तो अवस्थामा अधिकतम जनतालाइ लाभ वा फाइदा दिने कार्यक्रम वा योजनालाई छनौट गर्ने वाध्यात्मक अवस्था स्थानीय तहमा रहेको छ । त्यही

वाध्यात्मक परिस्थितिका वीचमा रहेर  हामी यस सातौ नगर सभामा यथासम्भव समावेशी, दुरगामी, रोजगारमुलक र सन्तुलित वजेट तर्जुमा गर्ने प्रयास गरेका छौ ।

**सभा अध्यक्ष महोदय,**

६. यस नगरपालिकाको पाचौं नगर सभावाट चालु आ.व.२०७६/०७७ को स्वीकृत बार्षिक नीति कार्यक्रम बजेट अनुसार कुल स्वीकृत वजेट रु.५१ करोड ६५ लाख ९२ हजार मध्ये  २०७७ जेष्ठ मसान्त सम्म कूल. २१ करोड  वजेट खर्च भैसकेको व्यहोरा जानकारी गराउदछु । यो खर्च **४०.६५** प्रतिशत रहेकोछ । चालु आ.व.मा लगाइएका विभिन्न कर, सेवा शुल्कहरुवाट रु.७० लाख ९७ हजार १७१ रकम आन्तरिक आम्दानी भएको छ, प्रगति प्रतिशत ६०.६५ रहेको छ । चालु आ.व.मा यस नगरपालिकाको सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत ३००० भन्दा धेरैलाई जम्मा रु.५ करोड १४ लाख ८ हजार  दोस्रो किस्ता सम्मको रकम वितरण भइसकेको छ । तेस्रो किस्ता रकम निकासा गरि भत्ता वितरण गर्ने काम संचालनको क्रममा रहेको छ  । यसको लागि चालु आ.व. २०७६/०७७ मा रु.७ करोड खर्च हुने अनुमान गरिएको छ । चालु आ.व को जेष्ठ मसान्त सम्ममा **हाल सम्म सम्झौता भएका योजना हरु २६०। कुल भुक्तानी भएका योजनाहरुः १५५। सम्झौता भएका भुक्तानी हुन वाकी योजनाहरुः १०५ रहेका छन ।**

७. चालु आ.व.को विभिन्न विकास निर्माणका कार्यक्रम संचालन गर्दा विभिन्न समस्याहरु एवं चुनौतीको सामना गर्नुपरेको छ । जसले गर्दा तोकिएको समयमा सोचे जति प्रगती हासिल गर्न कठिन भएको छ । ती समस्याहरु तपाइहरु समक्ष अभिव्यक्त गर्ने अनुमती चाहन्छु ।

क) दरवन्दी अनुसारका अधिकृतस्तरमा मुख्य पदहरुमा कर्मचारीको व्यबस्था नहुनु ।
ख) नयाँ नियुक्ति भई आएका कर्मचारीहरुलाई समयमै तालिमको व्यवस्था नहुनु ।
ग) जनप्रतिनिधीहरु प्रति जनताको तिव्र इच्छा आकांक्षा रहुनु ।
घ) उपभोक्ताको न्युन जनसहभागीता रहनु ।
ङ) जनप्रतिनिधी एवं कर्मचारीको सयुक्त क्षमता विकासका तालिमहरु सञ्चालन नहुनु ।
च) अझै पनि विभिन्न ऐन, नियमहरुको कमी  हुनु ।
छ) स्पष्ट मार्गदर्शन नभएकोले कार्यान्वयनमा समस्या रहनु ।
ज) नगरपालिकाको आफ्नै प्रशासनिक भवन नहुनु ।
झ) संघ तथा प्रदेस सरकारवाट तयार गर्नुपर्ने नमूना कानून निर्माणमा ढिलाइ हुनु ।
ञ) पूर्वाधार विकास मागमा जनाताबाट अत्याधिक माग भएतापनि कार्यान्वयनमा ढिलासुस्ति हुनु आदी ।

८. उपरोक्त समस्याहरु एवं चुनौतीको वावजुद चालु आ.व.मा विभिन्न कार्यक्रम संचालन गर्न सक्नु यस नगरपालिकाको सक्षमताको रुपमा हामीले लिएकाछौ ।

९. वजेट निर्माण प्रक्रियामा नेतृत्व, सहकार्य र स्वामित्वको सन्तुलन मिलाउनु पर्ने हुन्छ । सहभागीतामुलक योजना तर्जुमा बिधिबाट योजना छनौट गर्नु पर्ने भएकोले निश्चित बिधि अबलम्बन गर्नु पर्ने हुन्छ । यस सन्दर्भमा आ.व.२०७७/०७८ को वजेट, निती तथा कार्यक्रम तयार गर्दा निम्न समस्याहरु विद्यमान रहेकाछन् :

क) नेपाल सरकार र प्रदेश सरकारवाट स्पष्ट र समयमा वजेट सिलिङ,नीति तथा मार्गदर्शन प्राप्त नहुनु ।

ख) चालु आ.व.को वित्तिय समानिकरण अनुदानमा कमी आउनु

ग) संघीय सरकारवाट भएको कर्मचारी समायोजनमा यस नगरपालिका दरवन्दी अनुसारको कर्मचारी समायोजन हुन नसक्नु ।

घ) शर्सत अनुदान रकम एकिन हुन नसक्नु तथा प्राप्त भएको अनुदानमा समेत चालु आ.व.मा भन्दा आगामी आ.व.मा धेरै कार्यक्रम तथा कर्मचारीहरुको रकममा कटौती हुनु

ङ) जनशक्ति एवं भौतिक पूर्वाधारको समस्या कायमै रहनु ।

१०. माथि उल्लेखित समस्याका वावजुद जनताका अधिकतम जनआंकांक्षालाई सम्वोधन गर्न नेपाल सरकारले अवलम्वन गरेका नीति, संघीय सरकार र प्रदेश सरकारवाट प्रस्तुत नीति तथा कार्यक्रम, स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रदत्त गरेका अधिकार नेपालको संबैधानिक ब्यबस्था र स्वर्गद्धारी नगरपालिकाको मार्गदर्शन, सिद्धान्त, प्राथमिकता र मापदण्डलाई आधार मानि वजेट तयार पारिएको छ । आर्थिक विकासका लागि प्रचुर सम्भावना भएको यस नगरपालिकाको उर्भर भूमी, जडिबुटी ब्यबसाय, वनजंगल, पर्यटकिय क्षेत्र स्वर्गद्धारी, माण्डवी नदि, उर्जाशिल नागरिक नै यहाँका विकासका मुख्य स्रोतको रुपमा लिएको छु । यही अवसरलाई अधिकतम प्रयोग गरि **समृद्ध नगर, सुखी नगरवासीको** सपनालाई साकार पार्न आर्थिक वर्ष २०७७/०७८ को वजेट तयार पार्दा निम्न नीति अबलम्बन गरि वजेट निर्माण गरेका छौ ।

## नीति तथा प्राथमिकता

१. कोरोना भाईरस सक्रमण विरुद्ध सबै नगरबासी जनतालाई स्वास्थ्यको हिसाबले सुरक्षित राख्न प्राथमिकता दिने नीति लिएको छ ।

२. अधिकांश जनताको चाहना पूर्वाधार निर्माण भएकोले भौतिक पूर्वाधारलाई पहिलो प्राथमिकता दिने निती अवलम्वन गरिएको छ ।

३. अधुरा तथा क्रमागत योजनाहरुलाई यस आ.व.मा सम्पन्न गर्ने गरि वजेट विनियोजन गर्ने कुरालाई महत्व दिइएको छ ।

४. कृषि तथा पशुपालन क्षेत्रमा व्यवसायिकीकरण, आधुनिकीकरण र उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, उद्यमशिलता विकास गरी रोजगारी सृजना गर्ने, आयआर्जन वृद्धि गर्ने ।

५. समावेशी र सन्तुलीत विकास सहितको आर्थिक अनुशासन र न्यायको प्रत्याभुति गर्ने ।

६. खानेपानी, सरसफाइ, वातातरण संरक्षण, विपद व्यवस्थापन गरी दिगो विकासको नीति अवलम्वन गर्ने ।

७. पर्यटन पूर्वाधार, वालमैत्री, सरसफाई र स्वच्छतामा पूर्ण आनीवानी परिवर्तन, वालविवाह, महिला मैत्री,जलवायु परिवर्तन तथा अनुकलन, लैंगीक हिंसाका विषयहरुलाई विकासको मुल संवाहकको रुपमा ग्रहण गर्ने ।

८. पारदर्शिता, जवाफदेहीता, सहभागीता र उत्तरदायित्व मार्फत सुशासन कायम गरिने छ । जसलाई विकास र परिवर्तकको मुलमन्त्रको रुपमा पालना गरिने छ ।

९. सहभागीतामुलक योजना तर्जुमा, अनुगमन, लगानीमैत्री वातावरण ,संचार मैत्री, प्रविधीमैत्री दक्ष जनशक्तिको विकास गरि गरीवी न्युनिकरणमा सहयोग पुराउने ।

९. आन्तरिक आय वृद्धिको लागि प्रगतीशिल एवं वैज्ञानिक कर प्रणाली लागु गर्ने ।

१०. नगरपालिकाको वास्तविक वस्तुस्थितमा आधारित रहि आवधिक योजना तयार गरि **“समृद्ध नगर, सुखी नगरवासी”** को सपनालाई साकार पारिने छ ।

११. **“श्रमको सम्मान, राष्ट्रको अभियान ”** अन्तरगत प्रधानमन्त्री रोजगार कार्यक्रम तथा नगरको आफ्नै आन्तरिक स्रोत परिचालन मार्फत गरीव, विपन्न, एकल महिला, द्वन्दपिडीत, अल्पसंख्यक, सिमान्तकृत र पछाडी पारिएको वर्ग तथा समुदायहरुलाई आगामी आ.व.मा कम्तीमा १००० जना वेरोजगार व्यक्तीहरुलाई १०० दिन वरावरको रोजगारी सृजना आत्मनिर्भर वनाउने निती लिइएको छ र थप रोजगारी सिर्जनाका कार्यक्रमहरु पनि संचालन गरिने छ । कोभिड १९ को कारण भारत तथा तेस्रो मुलुकबाट घर फर्किइ आउने नागरिकहरुको व्यवस्थापनका लागि रोजगारी श्रृजनाको दरलाई उच्च वनाउने नीति लिईएको छ।

१२. प्रदेस सरकार,केन्द्र सरकार तथा अन्य नीजि साझेदारहरुसँगको साझेदारीमा आयोजना संचालन गर्ने नीति लिइएको छ । त्यस प्रकारका परियोजना तथा योजनाहरुलाई पहिलो प्राथमिकता दिइनेछ

१३. भारत र बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई रोजगारी सृजना गरि आत्मनिर्भर गराउने नीति लिइएकोछ ।

१४. सरकारी बैङ्क सँग समन्वय गरी रु ५० लाख वरावर रकम डिपोजिटका आधारमा स्वरोजगार लोन प्रोभाइड गर्ने र रोजगारीको दरलाई बढाउने नीति लिइएको छ ।

**आदरणिय नगरसभा सदस्य एवं उपस्थित महानुभावज्यूहरु**

अव म माथि उल्लेखित नीति एवं प्राथमिकताहरुको आधारमा वजेट, कार्यक्रम एवं कर सहित क्षेत्रगत वजेट, कार्यक्रम एवं विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

## भौतिक पूर्वाधार

११.“ **भौतिक पूर्वाधार-विकासको आधार”** लाई आत्मसात गर्दै यस चालु आ.व मा विनियोजन गरिएको रकम रु १ करोड ८० लाख रुपैया लाई यस आ.व मा पनि निरन्तरताको रुपमा यस नगरपालिकाका प्रत्येक वडामा **एक वडा एक नमुना सडकको** अवधारणा अनुसार सडकहरुको स्तरउन्नती, निर्माण तथा नियमित गाडी संचालनको लागि चालु आ.व.देखि संचालनमा रहेको कार्यक्रमलाई निरन्तरता दिदै आगामी आ.व.को लागि रु. १ करोड ८० लाख वजेट विनियोजन गरिएको छ । वडा वाट

आउने प्राथामिकता तथा नगरको आवश्यकताका आधारमा एउटा वडामा एउटा नमुना बाटोका रुपमा योजना कार्यान्वयन गर्न आगामी वर्ष निरन्तर योजनाको रुपमा राखिएको छ। कोभिड १९ का कारण ठूलो संख्यामा उपस्थिति गराई बैठक राख्न समस्या तथा नीतिगत कारणले नमिलेकोले विनियोजन भएको वडा सिलिङका पूर्वाधार कार्यक्रम हरु आउने गति तिव्र छ। प्रत्यक वडामा ३० लाख वरावरको पुजिगत कार्यक्रम तथा पूर्वाधार विकास गर्ने गरी आवश्यक वजेटको प्रवन्ध गरिएको छ । कतिपय सडकहरु केन्द्र तथा प्रदेश सरकारबाट बजेट विनियोजन भएका छन । सडकको नयाँ ट्र्याक खोल्दा आवश्यकता र औचित्यताको आधारमा मात्रै खोल्ने नीति लिइ नयाँ ट्र्याक खोल्ने भन्दा पनि ट्र्याक खोलिएका सडकहरुको स्तरउन्नतीको लागि विशेष ध्यान दिइने छ । चालु आर्थिक बर्ष देखि नै भिंगृमा रहेको बस पार्क नयाँ शहर कार्यक्रम अर्न्तगत निर्माण कार्य लाइ निरन्तरता दिइएकोछ । प्रत्येक वडामा कम्तीमा एकवटा नमुना वाटोको सुनिश्तिता सहित वडा सिलिङवाट स्थानीय आवश्यकताका आधारमा अन्य मोटरबाटो निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई यस वर्षपनि निरन्तरता दिइएको छ ।

१२. **"उज्यालो नगर "** कार्यक्रम अन्तरगत नगरपालिका भित्र विद्युत सुविधाको पँहुच नपुगेका सवै घरधुरीहरुमा विद्युत सेवा उपलव्ध गराउन आ.व. २०७७/०७८ का लागि संघीय सरकार तथा प्रदेस सरकारलाई अनुरोध गरिने छ । साथै विद्युतिकरणको लागि नेपाल विद्युत प्राधिकरण तथा वुटवल पावर कम्पनीवाट कार्यान्वयन हुने गरि थप वजेटको व्यवस्था मिलाइएको छ । विद्युत लाइनवाट विद्युत सेवा नपुग्ने घरपरिवारलाई सोलार विधीवाट उज्यालो प्रदान गरिने छ । भिंगृ वजार क्षेत्रमा राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रमसँगको साझेदारीमा सडक सोलार वत्तिको व्यस्था मिलाइने छ। यसको लागि साझेदारी वजेटको व्यवस्था गरिएको छ। यसका साथै सोलारबाट सिंचाई, सोलारवाट खानेपानी आयोजनाहरु संचालनमा ल्याइने छ ।

१३. **"एक घर एक धारा "** को नीति अबलम्वन गर्दै खानेपानी तथा सरसफाइ योजना संचालन गरिनेछ । यस कार्यक्रमको लागि वजेटको व्यवस्था मिलाइएको छ। यस नगरपालिकाको खानेपानी,सरसफाइ र स्वच्छता ( WASH Plan ) तयार गरि सवै वडाका खानेपानी सुविधा नपुगेका सवैघरहरुमा खानेपानीको सुविधा पुराउने लक्ष्य राखिएको छ ।यस चालु आवमा प्रदेश सरकार, संघिय सरकार र स्थानीय सरकारबाट न्याउलीखोला खा.पा योजना २० लाख सिधेनी छहरा देखि धनवाङ खा.पा योजना ३५लाख स्यानीलेख खानेपानी तथा सरसफाई योजना निर्माण १५लाख भालुखोला खा.पा योजना २७ लाख रुपैया थापानी छहरेखोला खा.पा योजना १५लाख रुपैया जुडापाटा खा.पा तथा सरसफाई २६ लाख रुमाले खा.पा योजना ५लाख रुपैया तथा खानेपानी सामाग्री खरिद रु २० लाख गरि १करोड ४५लाख रुपैयाँ वरावरको काम सम्झौता गरी सम्पन्न हुने चरणमा छ। जसको लागि प्रदेश सरकारसँग साझेदारीमा कार्यक्रम संचालन गरिने। खानेपानी शिर्षकमा एकमुष्ट रु ३५ लाख रुपैयाँ विनियोजन गरिएको छ नगरकार्यपालिकाको निर्णय अनुसार आयोजना छनौंट गरी कार्यान्वयन गरिने छ। अन्य विभिन्न खानेपानी योजना, लिफ्ट सिंचाइ योजना तथा साना सिंचाइ योजनाहरु माण्डवी करीडोर आयोजना मार्फत संचालन गर्ने व्यवस्था मिलाइएको छ ।

१४.यस स्वर्गद्वारी नगरपालिकाको आफ्नो प्रशासनिक भवनको यस वर्ष टेण्डर भई सम्झौता पश्चात यसै आवमा ८० लाख वरावरको काम संघीय सरकार र स्वर्गद्वारी नगरपालिकाको साझेदारीमा सम्पन्न हुनेछ । आगामी आ.वका लागि समेत यस नगरपालिकाको तर्फबाट उक्त प्रशासनिक भवनका लागि रु १ करोड रुपैया विनियोजन गरिएको छ। स्वर्गद्धारी नगरपालिकाको १ नं. र ९ नं. वडा कार्यालयको भवन निर्माणकार्य भइरहेकोछ । भवन निर्माणको लागि संघीय सरकार, प्रदेश सरकार,जिल्ला समन्वय समितिसँग साझेदारी सहयोग उपलब्ध हुनेछ । नगरपालिका कार्यालयको प्रशासकीय भवन निर्माण योजना बहुवर्षिय रुपमा सञ्चालन भइरहेकोछ जसको लागि आवश्यक वजेट मिलाइएको छ । भने थप एकवटा वडा कार्यालय भवन निर्माणका लागि थप रु ४० लाख रुपैया विनियोजन गरिएको छ ।

१५ बस्ती विकास घरनक्सा पास तथा शहरी विकासका मापदण्डहरु स्वीकृत गरि लागु गरिएकोछ । २०७५ असार १ देखि नयाँ बन्ने घर निर्माणको लागी अनिवार्य घरनक्सा पास सुरु गरिएको छ भने २०७५ जेष्ठ मसान्त सम्म बनेका पक्की र कच्ची घरको २०७५ असार ११ गतेबाट घरनक्सा अभिलेखिकरण को ब्यबस्था मिलाइ सकिएको छ भने यस आ.व सम्ममा ३० वटा पक्की घरहरु अभिलेखिकरण भइसकेको छ भने यस नगरभित्रका सम्पूर्ण कच्ची तथा पक्की घरहरुलाई नगरमा अभिलेखिकरण हुनको लागि समेत अनुरोध गर्दछु ।

१६. **"सुरक्षित आवास "** खरको छानामा गुजरा चलाईरहेका स्वर्गद्धारी नगरपालिका वडा नं ३,५ र ६ का गरीव तथा विपन्न खरको छानामा जीवन निर्वाह गरिरहेका ५२५ घरपरिवारहरुमा जस्ता पाता उपलव्ध गराइसकिएको छ भने आगामी १ वर्ष भित्रमा वडा नं १ र २ का ४०० घरहरुको लागि आबासलाई सुरक्षित गर्न खरको छाना विस्तापित कार्यक्रमलाइ निरन्तरता दिइएको छ । यसका लागी कार्यविधि वनाई घर धनीको अनिवार्य सहभागीताको ब्यबस्था मिलाइएको छ । खरको छाना विस्तापित कार्यक्रम नगर र प्रदेस सरकारको साझेदारीमा संचालन गरिने छ । जसको लागि नगरवाट रु. १ करोड ५० लाख र प्रदेस सरकारवाट रु. १ करोड ५० लाख गरि कुल रु.३ करोड बजेट विनियोजन गरिएको छ । यस कार्यक्रमलाई निरन्तरता दिदै आगामी १ वर्ष भित्रमा यस नगरका सम्पूर्ण घरहरुमा जस्ताको छाना छाउने गरि वजेटको व्यवस्था गरिएको छ ।

१६ क. **वस्ती वाट वस्ती जोड्ने झोलुङे पुल** अभियान अन्तरगत यस वर्ष वडा नं १ को वाह्रविसे झोलुङ्गे पुल सम्मपन्न हुने क्रममा छ भने सरोजा खुङ्री झो.पु स्वर्गद्वारी ५ र सुनिल स्मृति गा.पा जोड्ने झोलुङ्गे पुल निमार्ण योजनाको लागि संघीय सरकार बाट आगामि आ.वका लागि रु२३ लाख रुपैया विनियोजन भई सर्शतको कार्यक्रम तर्फ समावेश गरिएको छ ।

१६ ख) वेलावखतमा आईपर्ने साना तिना योजनाहरु जस्लाई ठुलो खर्चको आवश्यकता नपर्ने तर जनताको वास्तविक समस्याको हल गर्ने साना तिना पूर्वाधारहरु, सम्पन्न तथा मर्मत गर्न अन्य खर्च शिर्षकको व्यवस्था गरी भैपरी आउने साना पूर्वाधार विकास कार्यक्रमलाई सम्वोधन गरिने छ।

१६. ग) प्रदेश र संघिय सरकार सँग साझेदारी तथा अन्य सरकारी तथा गैह्रसरकारी संस्थासँग साझेदारीमा योजनाहरु सम्पन्न गर्न म्याचिङ् फण्डमा रु ३ करोड व्यवस्था गरिएको छ । र हाल स्वर्गद्वारी नगरपालिका सँग आ.व ०७७।७८ मा म्याचिङमा काम गर्न प्रदेश सरकारले रु २ करोड रुपैया विनियोजन गरेको पत्र प्राप्त भईसकेको छ । सोहिअनुसार नगरपालिका बाट रकमको व्यवस्था गरिने छ ।

## आर्थिक विकास

१७. कृषि तथा पशुपालनलाई व्यवसायीकरण, आधुनिकीकरण र यान्त्रीकरण गर्नमा जोड दिइनेछ । युवाहरुलाई कृषिमा आकर्षित गरि स्वरोजगार सृजना गराउन कृषि व्यवसायलाई प्रोत्साहित गर्न, उत्पादनमा आधारित कृषि तथा पशुपालन अनुदान कार्यक्रम लाइ निरन्तरता दिइएको छ । **'जोतौ बाझो खेत बाझो बारी, उठाउ अव जिम्वेवारी'** कृषिमा वाझोबारीलाई हराभरा वनाउन बाझो वारी जोति कृषिमा आमुल परिवर्तन गर्न लाग्ने किसानलाई अनुदान तथा पुरस्कारको विशेष व्यवस्था मिलाईने छ। विभिन्न कृषक, समुह, फर्महरुलाई तथा कार्यक्रम सञ्चालन गरि कृषि लाई थप व्यवसायमुलक तथा कृषिमा आत्मनिर्भर गराउन चालु आ.व.मा रु. ९० लाख विनियोजन गरिएकोमा आगामी बर्ष  कोभिड १९ को क्षतिका कारण बजेट अभाव हुन गएकोमा कृषि तथा पशुमा केहि वृद्दि गरी रु ९५ लाख रुपैया विनियोजन गरिएको छ । संघीय सरकारको शसर्त अनुदानबाट कृषि र पशु क्षेत्र विकासका लागि रु. ६५ लाख लगानी हुनेछ । उक्त रकम आर्टिफिसियल इन्सिमिनेसन,कृषक दर्ता व्यवस्थापन कार्याक्रम, कृषि तथा पशुपन्छी सम्वन्धी तथ्याङ्क अध्यावधिक कार्यक्रम, फलफूल दशक अन्तरगत स्थानिय तहमा विरुवा रोपण अभियान कार्यक्रम (५० प्रतिशत अनुदान),बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम संचालन, राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम, लागत साझेदारी बाखा प्रवर्द्धन कार्यक्रम र हाल भएका फलफूल नर्सरी क्षमताको अभिवृद्धि लगाएतका क्षेत्रमा खर्च गरिनेछ । रोजगारीका लागि विनियोजन गरिएको ५० लाख रुपैयामा कृषक तथा उत्पादनसिल वर्गलाई स्वरोजगार वनाउन जोड्ने प्रयास गरिने छ ।उद्यमशिलाता विकासका लागी शशर्त अनुदान एब नगरपालिकाको बजेट परिचालन गरिनेछ । आर्थिक विकासका कार्यक्रमहरु संचालन गर्न हेफर कार्यक्रम, फूलवारी एकीकृत ग्रामीण विकास संस्थासँगको साझेदारीमा कृषि र पशुपालन क्षेत्रमा अवसरहरु सिर्जना ( गोल -२) परियोजना, फूलवारी एकीकृत ग्रामीण विकास संस्थाको साझेदारी तथा कारितासको सहयोगमा संचालन हुने नेपाल जिवीकोपार्जन उत्थानसिल परियोजना ( NLRC )जस्ता संस्थाहरु लाइ समेत परिचालन गरिनेछ ।

१८. पर्यटकीय क्षेत्र स्वर्गद्धारी क्षेत्रमा आउने पर्यटकको संख्यालाई बृद्धि गर्न प्रदेश सरकारको सहयोगमा नगरपालिकाको समन्वयमा स्वर्गद्वारी पर्यटन गुरु योजना अनुरुप स्वर्गद्वारीको पूर्वाधार निर्माण गरिनेछ । स्वर्गद्धारी आश्रमको पूर्वाधार निर्माणमा प्रदेश सरकारबाट बजेट ब्यबस्था मिलाइएको छ । यसका साथै यस नगरपालिका क्षेत्र भित्रका धार्मीक एबं पर्यटकीय स्थलहरुको पहिचान गरि थप कार्यक्रम संचालन गरिनेछ । यस वर्ष कला संस्कृति महोत्सव तथा पर्यटन शिर्षक मा रकम रु १० लाख रुपैया

विनियोजन गरिएको छ । पर्यटन प्रर्बद्धनलाई सहयोग पुग्ने गरि वडा नं ५ मा बहुउद्धेश्यीय सामुदायिक भवन निर्माणको कार्य सम्पन्न गरिएको छ । वडा नं ३ को बाल उद्यानपार्क  निर्माण कार्य नयाँ शहर कार्यक्रम अर्न्तगत यसै गत आ.बमा काम सुरुभइ सम्पन्नहुने क्रममा छ भने आगामी आ.व.मा पनि निरन्तरता दिइने छ । साथै बर्डा न. ८ को. दहचौर शान्तिपार्क निर्माणको नमुना अध्ययन भई सकेकोछ भने प्रदेस सरकारको साझेदारीमा समेत वडा नं ४ को जिमुरपाटामा सूचना प्रविधियुक्त पार्कको अध्ययन कार्य सम्पन्न भइसकेकोमा यस आवमा रु.४१ लाख बजेट वरावरको निर्माण कार्य भैसकेको छ आगामी आवमा प्रदेश तथा संघीय सरकार सँग समन्वय गरि थप वजेटको व्यवस्था गर्न पहल गरिने छ । बाकी रकमको लागी शहरी विकास आयोजना, प्रदेश सरकार र नीजी क्षेत्रको सहयोग लिईनेछ । यस बाट सो क्षेत्रका जनताको जीवनस्तर तथा आयस्तरमा बृद्धि हुने अपेक्षा लिइएको छ । पर्यटन व्यवस्यालाई पर्वद्धन तथा आर्कषण गरि स्थानीय जनताको आय स्तरमा वृद्धि गर्नको लागि स्वर्गद्धारी नगरपालिको वडा नं. ८ को चाल्नेटारमा एअरपोर्ट निर्माण कार्य आगामी आ.व.देखि शुरु हुने अपेक्षा लिइएको छ । पर्यटक आर्कषित गर्न स्वर्गद्धारी आश्रमलाई पर्यटकको प्रमुख गन्तव्य मानि स्वर्गद्धारी नगरपालिका वडा नं. ५, सारीको भूवनोट, स्वर्गद्धारी नगरपालिका वडा नं. ९ को सुकसुके शिलापार्क, स्वर्गद्धारी नगरपालिका वडा नं.२ को कालिका पार्क, स्वर्गद्धारी नगरपालिका वडा नं. ४ को अत्याधुनिक सूचना प्रविधि मैत्री पार्क, स्वर्गद्धारी नगरपालिका वडा नं ८ को शान्ति पार्क, स्वर्गद्वारी नगरपालिका वडा नं. ४ बाझिपुरको खेलकुद मैदान, नगरपालिकाको कार्यालयको प्रशासनिक भवन तथा स्वर्गद्धारी केवलकार संचालनलाई स्वर्गद्धारी  नगरका गौरवका आयोजनाको रुपमा छनौट गरिएको छ । समग्र संघीय सरकार प्रदेश सरकार र स्थानीय सरकारको समन्वय गरी पर्यटन पूर्वाधार निर्माण गरी अगाढी वढाइने छ ।

१९. नेपाल सरकारको एक **स्थानीय तह एक औधोगिक ग्राम** स्थापना गर्ने नीति अनुसार स्वर्गद्वारी नगरपालिकाको वर्डा न ३ स्थित बलाङ्गलाई **औधोगिक ग्रामको** लागी सिफारिस गरिएकोमा सम्झौता समेत भइसकेको छ । नेपाल सरकारबाट त्यसको अध्ययन कार्य गराउनमा पहल गरिने छ । यस वर्ष संघीय सरकार वाट यस स्वर्गद्वारी नगरपालिकामा औधोगिक विकास गर्न रकम रु ४० लाखको विभिन्न विकास कार्यक्रमहरु शर्सत अनुदानमा समावेश भएका छन ।

.

## सामाजिक विकास

२०. शिक्षा र स्वास्थ्यको गुणस्तर सुधारको लागी बिशेष जोड दिईनेछ । शिक्षा क्षेत्रको सुधारका लागी शिक्षक दरबन्दी मिलान, कक्षा तह मिलान, शिक्षक भर्ना, परिक्षा पद्धती लगाएत शिक्षा क्षेत्रको सुधारको लागी नगर शिक्षा नियमावली अनुसार कार्य प्रारम्भ गरिनेछ । संस्थागत बिद्यालय संचालनको लागी स्पष्ट मापदण्ड बनाई लागु गरिनेछ ।  **एक नगर एक प्राविधिक शिक्षालय**को अवधारणा अर्न्तगत स्वर्गद्धारी नगरपालिकाको वडा न.५ सारीको उमामहेश्वरी

मा.वि.मा कृषि प्राविधिक शिक्षालय स्वीकृत भै संचालन भैसकेकोमा चालु आव मा स्कुलको भौतिक विकासका लागि रु १० लाख वरावर रकम अनुदान भुक्तानी भइसकेको कुरा सम्मानित सभामा जानकारी गराउन चाहन्छु । उक्त शिक्षालयको प्रयाप्त भौतिक पूर्वाधार विकास तथा जनशक्ति व्यवस्थापनकको लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । आगामी आ.व.देखि अन्य वडाहरुमा पनि आवश्यकता र औचित्यका आधारमा प्राविधिक धारका विद्यालय संचालन गर्ने नीति लिइएको छ । शिक्षा क्षेत्रको विकासको लागी नेपाल सरकारको शशर्त अनुदान रु. १५ करोड ९२ लाख खर्च गरिनेछ भने नगरपालिकाबाट ८० लाख बजेटको व्यबस्था गरिएको छ । उत्कृष्ट बिद्यालय तथा उत्कृष्ट शिक्षक शिक्षिकाहरुको लागि पुरस्कृत गर्ने व्यबस्था मिलाईएकोछ ।

२१. स्वास्थ्य क्षेत्रलाई बदलिदो परिवेश अनुसार सेवासुविधा बृद्धि गरि गुणस्तरिय सेवा उपलब्ध गराउन स्वास्थ्य बिमा कार्यक्रम अभियानकै रुपमा संचालन गरिनेछ । सोको लागी प्राथमिक स्वास्थ्य केन्द्र भिंगृमा फार्मेसी स्थापना भैसकेकोछ र सोको लागि जनशक्तिको व्यवस्थापन गरिनेछ । स्वास्थ्य सेवावाट वञ्चितमा परेका समुदायहरुको सुविधालाई मध्यनजर राखि चालु आ.व.मा यस नगरका ३ नं. र ६ नं. वडामा स्वास्थ्य केन्द्रहरु स्थापन गरि सेवा प्रवाह गरिएको छ भने आगामी वर्षहरुमा पनि त्यस्ता दुर्गम वस्तिहरुको छनौट गरि स्वास्थ्य सेवाको पहँचमा वृद्धि गर्ने नीति लिइएको छ । ६ नं. र ३ नं. वडाहरुमा स्वास्थ्य सेवा केन्द्र निर्माण कार्य सञ्चालनमा रहेकाछन । आँखा शिविर तथा एकिकृत स्वास्थ्य शिविर कार्यक्रमहरु संचालन गरिने छ । महिला स्वंयसेविकाहरुको सेवालाई मुल्यांकन गर्दै चालु आ.ब. देखि मासिक रु. ८००। पुराइएकोमा यस कार्यलाइ आगामी दिनहरुमा पनि निरन्तरता दिईनेछ । स्वऐच्छिक अवकासमा जाने स्वंयसेविकाहरुलाई नेपाल सरकारले दिदै आएको रकममा २५ प्रतिशत थप वजेट नगरपालिकाबाट व्यबस्था मिलाइएको छ ।

२२. कोरोना भाईरस महामारी सक्रमण रोकथाम, नियन्त्रण र उपचार, **जिरो होम डेलीभेरी सेवा**, मातृत्व सेवा, प्राथमिक स्वास्थ्य सेवा, क्षयरोग नियन्त्रण,एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम, एकिकृत वाल स्वास्थ्य एवं पोषण, महामारी तथा रोग नियन्त्रण, अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण,जिमुरपाटामा आईसुलेसन अस्पताल निर्माण, क्वारेन्टाईन व्यवस्थापन, अस्पताल निर्माण सुधार, व्यवस्थापन सूचना प्रणाली,राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना र संचार केन्द्र, उपचारात्मक सेवा कार्यक्रम, नर्सिङ्ग तथा सामाजिक सुरक्षा सेवा लगाएत स्वास्थ्य क्षेत्रका बिभिन्न क्रियाकलापहरु संचालन गर्न शसर्त अनुदानको रुपमा रु.४ करोड ५२ बजेट विनियोजन गरिएको छ । औषधी व्यबस्थापन, स्वयंसेविका प्रोत्साहान, गर्भवती महिलाहरुलाई पोषण सामाग्री, स्वास्थ्य शिविर तथा आयुर्वेद सेवा जस्ता बिभिन्न कार्यक्रम संचालनको लागी नगरपालिकाबाट थप रु.६५ लाख हजार बजेट व्यबस्था मिलाइएको छ । गर्भवती तथा सुत्केरी आमा र वच्चाको स्वास्थ्य सुविधालाई मध्यनजर गरि यस नगरपालिकावाट गर्भवती उत्प्रेरणा र संस्थागत सुत्केरी कार्यक्रमलाई निरन्तरता दिइएको छ । चालु आ.व.देखि शुरु गरिएको सुत्केरी पश्चातको दोस्रो र तेस्रो घरदैलो पुगि आमा र वच्चाको स्वास्थ्य जाँच कार्यक्रमलाई निरन्तरता दिइएको छ । आयुर्बेद स्वास्थ्य कार्यक्रम संचालन गर्न रु. ६७ लाख शर्शत बजेट परिचालन गरिनेछ । यस नगरपालिकामा आँखा अस्पताल स्थापना तथा प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नतीको लागी प्रयास गरिने छ । चालु

आ.ब. मा २५ जना दिर्घ रोगीको स्वास्थ्य उपचार सहयोग दैवी प्रकोपमा परेका १४ जना व्यक्ति तथा परिवारलाई हाल सम्म **रु ३ लाख ८२ हजार खर्च भएको तथा अन्य विभिन्न रोग तथा गरिव उपचार अन्तरगत २,२०,०००।खर्च भएको** व्यहोरा जानकारी गराउदै आगामी बर्षको लागि पनि बजेटको ब्यबस्था मिलाइएको छ । कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार, गाउघर क्लिनिक, शहरी स्वास्थ्य केन्द्र स्थापना, किशोरकिशोरी कार्यक्रम, पोषण कार्यक्रम, खोप कार्यक्रम लगाएत स्वास्थ्य सेवाका विभिन्न कार्यक्रमहरु संचालन हुनेछन यसका लागी बिभिन्न संघ संस्थासँग समेत कार्यक्रम संचालन, परिचालनमा साझेदारी गर्ने नीति लिइने छ ।

२३. युवाहरुलाई खेल क्षेत्रमा आर्कषित गरि देश निर्माणमा सहयोग पुऱ्याउन वडा न. ४ को बाझिपुरमा उच्च सुविधायुक्त खेल मैदान निर्माणकार्य सुरु भएकोछ यस कार्यलाई आगामी बर्ष पनि निरन्तरता दिईनेछ । यसको लागी नगरपालिकाबाट रु. २० लाख बजेट विनियोजन गरिएको छ । यस नगरक्षेत्र भित्र संचालन हुने युवा तथा खेलकुद कार्यक्रम सञ्चालन गर्न, युवा वर्गलाई खेल प्रतिको लगावमा वृद्दि गराउन राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद भन्ने मुल नाराका साथ सञ्चालन हुने विद्यालय स्तरिय राष्ट्रपति रनिङ शिल्ड खेलकुद तथा स्वर्गद्वारी नगर कप खेलकुद प्रतियोगीताहरुको निरन्तरताको लागि रु. १० लाख वजेटको व्यवस्था गरिएको छ । संघिय सरकार बाट आगामी आवका लागि राष्ट्रपति रनिङ सिल्ड सञ्चालन गर्न केहि वजेटको व्यवस्थापन भएको छ । विद्यालय स्तरिय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगीताको लागि सर्शत अनुदानवाट रु.१ लाख विनियोजन गरिएको छ । खेलकुद विकास कार्यक्रमको लागि वडा स्तरवाट समेत विभिन्न खेलकुद कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ ।

२४. सामाजिक रुपमा पछाडी पारिएको बर्गलाई विकासको मुल प्रबाहमा समाबेश गर्न महिला बालबालिका, दलित, जनजाती, अपांगताहरुको लागि क्षमता विकास र सशक्तिकरणका बिभिन्न कार्यक्रम संचालन गरिनेछ । संघिय सरकारबाट सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्न विभिन्न कार्यक्रम हरुको लागि रु ६४ लाख रुपैया विनियोजन गरिएको छ । बालमैत्री स्थानीय शासन कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिने छ । पूर्वाधार विकासले मात्र नगरको समाबेशी विकास हुन नसक्ने भएकोले सामाजिक क्षेत्रको रुपान्तरणको लागि विभिन्न सामाजिक अभियान संचालन गरिनेछ ।

यि अभियानका साथ साथै आगामी २ वर्ष भित्रमा यस नगरलाई पूर्ण सरसफाई र स्वच्छता युक्त नगर घोषण गर्ने लक्ष्य लिइएकोमा कोभिड १९ को समाप्ति सँगै सो कार्यलाई निरन्तरता दिइने छ । यस क्षेत्रका बिभिन्न क्रियाकलापहरु संचालन गर्न डिभिजन वन कार्यालय, सेभ द् चिल्ड्रेन ,सुआहारा लगाएत अन्य कार्यलय र संघ संस्थाहरुसँग समन्वय गरि कार्यक्रम संचालन गरिनेछ ।

गरिवी निवारण कोषका कार्यक्रमहरु अन्तरगतका सामुदायिक संस्थाहरुलाई सहकारीमा रुपान्तरण गरिनेछ र सहकारी संस्थाहरुको कार्यक्रम स्थानीय तहमा हस्तान्तरण भएकाछन । यी कार्यक्रमहरु नगरपालिकाको समन्वयमा संचालन गरिनेछ ।

महिला वालवालिका, जेष्ठ नागरिक, अपांगता भएका नागरिक, दलित जनजाति, पिछडिएको वर्ग, उत्पिडनमा परेको वर्ग, असहाय, अशक्त, एवं गरिव तथा लक्षित बर्गका कार्यक्रम संचालनको लागि आगामी आ.व.को लागि रु. ३० लाख  विनियोजन गरिएको छ । जुन कार्यक्रमहरुवाट उनीहरुको ज्ञान, सीप र क्षमतामा वृद्धि भै आत्म निर्भर हुने गरि साना उद्येमी हुनेगरि कार्यक्रम संचालन गरिने व्यबस्था गरिकोछ ।

२५. चालु आ.ब. मा ३००० भन्दा धेरैले जनाले सामाजिक सुरक्षा भत्ता पाईसकेका छन् । दोश्रो चौमासिक सम्म वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण भैसकेकोछ भने तेश्रो चौमासिक बितरण कार्य सुरु गर्ने तयारी भैरहेको छ । सामाजिक सुरक्षा भत्ताको लागि चालु आ.ब.मा रु.  सात करोड खर्च हुनेछ भने आगामी बर्षको लागी रु. ८ करोड प्रस्ताब गरिको छ । यो बजेट नेपाल सरकारबाट प्राप्त हुनेछ ।

२६. गरिव तथा पिछडिएको जनताको उज्वल भविश्य र सपनाहरुलाई पूर्ति गर्नकोलागि चालु आ.व. देखि संचालनमा आएको **जनतासंग मेअर कार्यक्रम** आगामी वर्ष पनि निरन्तरता दिइएको छ । यस कार्यको लागी रु. ५० लाख बजेट विनियोजन गरिएको छ । यो कार्यक्रम कार्यान्वयनका लागी कार्याविधि वनाई लागु गरिने छ ।

२७. गरिव,विपन्न, पिछडिएको तथा स्वास्थ्य सेवाको पहुँचमा पुग्न नसक्ने महिला गर्भवती तथा सुत्केरी महिलाहरुको लागि **उपमेअरको कोशेली कार्यक्रम** आगामी आ.वमा पनि संचालन गरिने छ । यस कार्यक्रमको लागि रु.२० लाख वजेट विनियोजन गरिएको छ । जसवाट प्रत्यक्षरुपमा महिला दिदीवहिनीहरु लाभान्वीत हुने आशा लिइएको छ । जुन कार्यक्रम संचालन गर्नको लागि स्पष्ट मापदण्ड र कार्यविधी वनाइ कार्यान्वयन गरिने छ । यस कार्यक्रम बाट स्वर्गद्वारी नगरपालिकालाई सेनेटरी प्याडमा आत्मनिर्भर गराउने लक्ष्य लिईएको छ ।

२८.विधालयमा अध्ययनरत छात्राहरुको लागि सेनेटरी प्याड खरिद कार्य संघीय सरकारबाट यस नगरपालिका अन्तरगत भई यस वर्ष टेन्डर समेत भईसकेको र आगामि वर्ष समेत २० लाख ८४ हजार रुपैया शर्सत कार्यक्रम अन्तरगत यस नगरपालिका अन्तरगत कार्यक्रम कार्यान्वयन हुनेछ ।

२९. कोरोना भाइरसको संक्रमण बाट विश्वमा २१५ भन्दा वढी देशमा संक्रमण फैलिई सिँगो मानव समुदायनै आकुल व्याकुल भइरहेको र असितित्वको लडाई लडिरहेको वेला यस स्वर्गद्वारी नगरपालिकाले यस आ.व. मा

| क्र.स | आम्दानी विवरण | खर्च विवरण |
|---|---|---|
| १ | नगद संकलन तथा खाधान्न सहयोगः ४,३३,५४१। | श्वास्थ्य सामाग्री खरिदः ११,३७,६३९। |
| २ | महिला तथा वालवालिका कार्यक्रम शिर्षकबाट रकमान्तरः ५,४०,०००। | यातायात खर्चः ४,६९,०००। |

| | | |
|---|---|---|
| ३ | उर्जा तथा सिचाई शिर्षक बाट रकमान्तर रु३०,००।०००। वडा कार्यालय भवन योजना शिर्षक बाट रकमान्तरः रु२०,००,०००। | राहत खाधान्न वितरणः ५,४१,३६१। |
| ४ | प्रदेश सरकारबाट अनुदान प्राप्त १५,००,०००। | क्वारेन्टाइनमा वसेकाका लागि खाना खर्चः४५,४७,०००। |
| ५ | बन तथा बातावरण शिर्षक बाट रकमान्तर रु ५,००,०००। | इन्धन खर्चः८,६०० |
| ६ | जम्मा कोरोना विपद कोषमा आम्दानी रुः ७९,५९,७४१। | खाजा नास्ता खर्चः १५,२२०। |
| ७ | अन्य शिर्षकबाट रकमान्तर रु१,५०,०००। | आइसोलेसन वार्ड निर्माण जिमुरपाटाको खर्च रकम रु३,५५,३३४ |
| ८ | | एम्वुलेन्स २,७३,००० |
| ९ | | सामाग्री खरिदको रकम रु ६,५०,०००।- |
| | जम्मा आम्दानी रु ८१,२३,५४१। | जम्मा खर्च रुः८४,०५,६५४। |

कोरोना भाइरस कोभिड १९ को महामारी लाई मध्यनजर गरी यस वर्ष कोरोना विपद कोषमा १ करोड ५० लाख ८३ हजार चार सय उन्साठी रुपैया विनियोजन गरिएको छ ।

कोरोना महामारीको विरुद्दमा लड्ने श्वास्थ्यकर्मि, राष्ट्रशेवक कर्मचारीहरुलाई नियमानुसार जोखिम भत्ता उपलव्ध गराईने छ ।

## वन बाताबरण र सरसफाई

३०. **“सुन्दर,सफा,स्वच्छ हरियाली सहर, स्वर्गद्धारी नगरपालिकाको रहर ”** भन्ने नाराका साथ वन वाताबरण र सरसफाई लाई उच्च प्राथमिकता दिदै नगरपालिका क्षेत्र भित्रको फोहर उठाउने कार्य प्रारम्भ भएकोछ। फोहरको उचित ब्यबस्थापनको लागी ल्याण्ड फिल साईडको व्यबस्था गर्दै फोहर संकलन कार्यलाई सबै वडामा विस्तार गरिनेछ। फोहरमैला ब्यबस्थापनको लागी बजेटको ब्यबस्था गरिएको छ । यस कार्यमा विगत वर्षहरुमा पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना दोस्रो चरणले गरेको सहयोगको उच्च सराहना गर्दै आगामी दिनमा पनि सहयोगको अपेक्षा गरिन्छ । गत आ.व.मा यस नगरपालिकोको वडा नं.३, भिंगृलाई पूर्ण सरसफाइयुक्त वडा घोषणा गरि सकिएको छ भने वाकी वडाहरुलाई पनि आगामी २ वर्षभित्रमा पूर्ण सरसफाइ युक्त वडा घोषणा गरि नगरपालिकालाई नै सफा, स्वच्छ र सुन्दर नगरपालिका वनाउने लक्ष्य लिइएको

छ । सरसफाइ कार्यलाई निरन्तरता तथा टेक्टर मार्फत फोहर व्यवस्थापन कार्य शुरु गरिएको छ । जुन कार्यमा आगामी वर्षमा समुदायको सहभागीतामा फोहरको व्यवस्थापन गर्ने नीति लिइएको छ । यस नगरपालिका क्षेत्र भित्र वन डडेलो नियन्त्रण गर्नको लागि सामाग्रीको व्यवस्थापन गरिने छ, सरसफाई कार्यक्रमलाई मूर्तरुप दिन वास पलान निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । यी सवै कार्यको लागि आवश्यक रकम विनियोजन गरिने छ । फोहरलाई स्रोतमा नै व्यवस्थापन र **फोहोरलाई मोहरमा रुपान्तरण गर्न** वर्गीकरण,पुनः प्रयोग,प्रशोधन गर्ने अभियान संचालन गरिने छ । नगरवाट फोहर व्यवस्थापन तथा ढुवानी गरेवापत घरधनीवाट शुल्क लिने व्यवस्था मिलाइने छ ।

३१. वातावरणीय संरक्षण, जलवायु परिवर्तन र अनुकुलन, बिपद ब्यबस्थापन जस्ता बिषयलाई सम्बोधन गर्न बिपद ब्यबस्थापन कोष स्थापना गरिएको छ । यी सवालहरुलाई सम्बोधन गर्न **एक वडा एक रिचार्ज पोखरी** ,नगर स्तरिय नर्सरी सुदृढीकरण, नमुना गार्डेन, बृक्षारोपण र वडा स्तरिय स्थानीय विपद ब्यबस्थापन योजनाहरु कार्यान्वयनलाइ निरन्तरता दिइएको छ । **एक घर २ फुल, १ फलफुल** स्थानीय जनसहभागीतामा संचालन गरिनेछ ,जलबायु परिबर्तन र अनुकुलन तथा न्यूनिकरण कार्यक्रम लागु गरिनेछ । यस कार्यमा बिभिन्न संघसंस्था समेतको परिचालन एबं समन्वयको ब्यबस्था मिलाइएको छ ।

३२. गिट्टि, वालुवा, ढुंगा तथा नदी जन्य पदार्थको उत्खनन र निकासीको लागी प्रारम्भीक वातावरणीय मुल्यांकन IEE कार्य सम्पन्न गरिने लक्ष्य यस चालु आ.वमा लिईएकोमा काम सम्पन्न नभए अर्को आवमा अविलम्व सञ्चालन गरिने र सोही आधारमा यसमा कर लगाईनेछ ।

## सेवा प्रवाह र शुसासन

३३ प्रगतिशिल करको माध्यमबाट करदातालाई करको दायरामा आबद्ध गरि बढि कर तिर्न सक्षम ब्यक्तिलाई सम्मानको नीति लिईने छ । स्थानीय समुदायहरुको सुविधालाई मध्यनजर दिदै आगामी आर्थिक बर्षदेखि सम्पत्ति कर र भूमी कर आ-आफ्नै वडावाट संकलन गर्ने व्यवस्था लागु गरिनेछ । कर, सेवा शुल्क तथा अन्य करबाट नगरपालिकाको आन्तरिक श्रोतलाई बृद्धि गरिने छ । चालु आ.ब.को जेष्ठ मसान्त सम्म रु. ७० लाख ९७ हजार १७१ आन्तरिक कर उठेकोमा आगामी आ.ब. भित्र कुल रु.१ करोड १७ लाख उठाउने लक्ष्य लिइएको छ ।

३४ बिभिन्न ब्यवसाय, फर्म, संस्थाहरुलाई नगरपालिकामा अनिवार्य दर्ता र नविकरण गराउनु पर्ने नीति लिईएकोछ । जसको लागि प्युठान उद्योग वाणिज्य संघसँग सहकार्य गरिएको छ । चालु आर्थिक बर्ष देखि घ बर्गको निर्माण ब्यबसायिहरुको दर्ता र नविकरण नगरपालिकाबाटै हुदै आइरहेको जानकारी गराउछु । साथै उद्योग, व्यापार, व्यवसाय तथा संघ संस्था र समुह दर्ता समेत नगरपालिकावाट शुरुवात गरिएको छ ।

३५. पारदर्शिता, जवाफदेहिता, शुसासन र उत्तरदायित्व कायम गर्न सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, बिभिन्न प्रचार प्रसारका कार्यक्रमहरु संचालन गरिनेछ ।

३६. नगरपालिकाको कार्यलाई बिधि सम्बत संचालन गरि शुसासन कायम गर्न हाल सम्म ३७ वटा ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरु स्वीकृत भैसकेका छन यी नियमहरुलाई २०७७ श्रावण देखी पूर्ण रुपमा कार्यान्वयन गरिने छ । यसका साथै यस नगर सभामा थप बिधेकहरु पेश गरिनेछ । नगरपालिकाको न्यायिक समितिलाई सक्रिय वनाउन न्यायिक ईजलासको ब्यबस्था मिलाईनेछ र प्रत्येक वडाहरुमा मेलमिलाप केन्द्र गठन गरिएको छ । ती मेलमिलाप केन्द्रहरुको क्षमता विकास गर्दै लगिनेछ ।

३७.

**सभा अध्यक्ष महोदय,**

३७ मैले माथी प्रस्तुत गरेका बजेट कार्यान्वयनका लागि कुल बजेट रु.५६ करोड ६० लाख ३३ हजार ४ सय ५९ वजेट विनियोजन प्रस्ताव गरेको छु । यो कुल विनियोजन मध्ये चालु तर्फ प्रशासनिक खर्चको लागी रु.६ करोड ७५ लाख रकम विनियोजना गरिएको छ जसमा प्रदेश सरकार प्रदेश नं ५ वाट जारी गरिएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ लाई मध्यनजर गरी जनप्रतिनिधिको लागि समेत आवश्यक सेवा सुविधाको व्यवस्था गरिएको छ । संघीय सरकारको वित्तिय समानीकरण अनुदान रु. १० करोड ५९ लाख, संघीय सरकार शसर्त अनुदान रु.२२ करोड ८८ लाख, प्रदेस सरकार वित्तिय समानिकरण रु. ५२ करोड ५२ लाख शर्सत अनुदान १ करोड ७८ लाख पचास हजार, प्रदेस सरकार समपुरक अनुदान रु. २ करोड, संघीय सरकार राजश्व वाडफाँड रु. ९ करोड ४८ लाख ८४हजार चार सय उनसाठी , प्रदेस सरकार राजश्व वाँडफाँड रु. ४६ लाख ४७ हजार, आन्तरिक राजश्व १ करोड १७ लाखको पुँजीगत र संघिय विशेष अनुदान १ करोड सशर्त अनुदान संघीय २२ करोड ८८ लाख विशेष अनुदान प्रदेश सरकार ७० लाख चालु प्रकृतिका कार्यक्रम संचालन गर्न रु. ३२ करोड पाच लाख विनियोजन प्रस्ताब गरिएकोछ। जस मध्ये प्रत्येक वडामा वडास्तरिय योजनाको लागी रु. ४ लाख ५० हजारको दरले वजेट शिलिङ उपलब्ध गराईएको छ ।

३८. राजश्व तथा कर, गैर करका दरहरु, करमा छुट ब्यबस्था गर्न वनेको आर्थिक बिधयेक, २०७७, र समष्टीगत बजेट विनियोजन तथा खर्च सम्बन्धी बिधेयक, २०७७ यसै साथ पेश गरिएकोछ साथै आ.व २०७७७८ मा २०७७ मसान्त सम्म सो आर्थिक वर्षको कर वुझाएमा करदातालाई १० प्रतिशत छुट दिने नीति अवलम्वन गरिने छ ।

३९. अन्तमा, हाम्रो निमन्त्रणालाई स्वीकार गरि यस गरिमामय सातौं नगर सभाको बजेट प्रस्तुतीको अबसरमा उपस्थित भई शोभा बढाई दिनु भएकोमा राजनितिक दलका प्रमुख एवं प्रतिनिधीज्यूहरु र अन्य सम्पुर्ण अतिथिज्यूहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस सम्मानित सातौं नगरसभामा पेश भएको नीति तथा कार्यक्रमहरु र बिषयगत समितिका संयोजकज्यूहरुबाट पेश भएको सम्बन्धित समितिका नीति तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ

अगाडी वढाउन नगरपालिका कार्यालय प्रतिवद्ध भएको व्यहोरा अनुरोध गर्न चाहन्छु । सिमित श्रोत र साधनको उपलब्धताका कारण नगरवासीहरुको असिमीत अपेक्षा अनुरुप पूर्ण रुपमा सम्बोधन गर्न नसकिएता पनि क्रमिक रुपमा सम्बोधन गर्दै जान सम्बन्धित सरोकारवाला निकायहरुसँग समन्वय गरि नगरपालिका अगाडी वढ्दै जानेछ । यस अभियानमा सवै पक्षको रचनात्मक सहयोगको अपेक्षा गर्दै गरिमामय सभामा उपस्थित हुनुभएका सम्पूर्ण  नगर सभाका सदस्यज्यूहरु,  राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुखज्यूहरुहरु, नगरपालिकाका कर्मचारीहरु सबैलाई धन्यवाद दिदै प्रस्तावित कार्यक्रम तथा वजेटले नगरवासीका चाहना र आवश्यकतालाई केही हद सम्म भएपनि परिपूर्ति गर्न सफल हुनेछ भन्ने आशा एवं विश्वास राख्दै वजेट कार्यान्वयनमा सवैको साथ र सहयोगको अपेक्षा राख्दै वजेट वक्तब्य यही अन्त्य भएको व्यहोरा सम्मानित गरिमामय सातौं नगर सभा समक्ष निवेदन गर्दछु ।

**धन्यबाद ।**

**गोमा रेग्मी**
**नगर उप प्रमुख**
**स्वर्गद्वारी नगरपालिका प्यूठान**